मिति: २०७९/०५/१६

# पोखरा विश्वविद्यालय स्नातकतह-२०७९ को छात्रवृत्तिमा अनलाइन दरखास्त फाराम भर्ने उम्मेदवारहरुले ध्यानदिनुपर्ने अत्यन्त जरुरी सूचना !

पोखरा विश्वविद्यालयको व्यवस्थापन संकाय, विज्ञान तथा प्रविधि संकाय समूह (क),(ख) र मानविकी तथा सामाजिकशास्त्र संकाय मार्फत अनलाइन दरखास्त फाराम भराई विभिन्न कार्यक्रमहरुमा पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमानुसार छात्रवृत्तिमा अध्ययन अध्यापन गराउन मिति २०७९/०५/१६ गते विहिबारका दिनदेखि अनलाइन फाराम भर्ने व्यवस्था हुदै आएको र यो व्यवस्था यही मिति २०७९/०६/०५ गते बुधबारसम्म रहने व्यहोरा सर्वप्रथम सम्बन्धित सबैको लागि जानकारी गराइन्छ । दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np)** मा गइ तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ ।

१) सम्बन्धित लिङ्कमा गइ पोखरा विश्वविद्यालय स्नातकतह छात्रवृत्ति कार्यक्रमको Detail Notice को राम्रो अध्ययन गर्नु होला ।

२) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM) अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला ।

(३) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ ।

४) अनलाइन फाराम भर्ने उम्मेदवारहरुले Profile Setup गर्नुभन्दा पहिले अपलोड गर्नुपर्ने आफ्ना सम्पूर्ण डकुमेन्टहरु नागरिकता, एसइइ वा एसएलसी, प्लस टु का सम्पूर्ण प्रमाणपत्रहरु र अन्य सिफारिस पत्रहरुलाई अनिवार्य रुपले स्क्यान गर्नुपर्नेछ । स्क्यान गरेको डकुमेन्टलाई jpg फाइलमा सेभ गरेर मात्र Profile Setup गर्न डकुमेन्ट अपलोड गर्नुपर्नेछ । उम्मेदवारहरुले कुनै पनि डकुमेन्टलाई Profile Setup गर्न मोवाइलबाट फोटो खिचेर डकुमेन्ट अपलोड गर्नु हुदैन । त्यसरी अपलोड गरिएको डकुमेन्टलाई Software System ले सपोर्ट गर्न सक्दैन ।

(५) अनलाइन दरखास्त फाराम भर्दा उम्मेदवारहरुले सर्वप्रथम आफ्नो Profile Setup गर्नुपर्नेछ । Profile Setup गर्दा फरक फरक आइडि युज गर्नु हुदैन । एउटै आइडि बाट गर्नुपर्नेछ । नत्र Gmail verification हुन, Profile Setup हुन समस्या हुनेछ भने अनलाइन फारम भर्दा सफ्टवेयरले सपोर्ट गर्दैन ॥

(६) उम्मेदवारहरुको आफ्नो Email मा Gmail ID को Verification code आएपछि मात्र अनलाइन फाराम भर्नुपर्नेछ ।

७) आफु कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस अनुसूचि-२ को फरम्याटमा नै पेश गुर्नपर्ने भएको हुदा उक्त फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले सो फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालय अध्ययन गरेको सिफारिस उक्त फरम्याटमानै बनाइ पेश गर्नुपर्ने छ ।

८) अनलाइन फारम भर्ने उम्मेदवारहरु सँग प्लस टु पास गरेको Transcript / Character छैन भने कक्षा ११ पास भएको मार्कसिट र कक्षा १२ को परीक्षामा सामेल भएको प्रवेशपत्र समावेश गरी Profile Setup गर्नुपर्छ । Transcript / Character छ भने Result Status **Passed** गर्नुपर्छ भने Transcript / Character छैन भने Result Status **Pending** गर्नुपर्छ ।

९) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

१०) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाइसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुन आएको कागजातहरुको आधारमा खुला र आरक्षण जुनमा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा रित नपुऱ्याइ भरेको फाराम रद्ध हुनेछ ।

**स्नातकतह छात्रवृत्ति छनौंट समिति, २०७९**
**पोखरा विश्वविद्यालय**
**पोखरा -३०, लेखनाथ, कास्की ।**